# पोखरा विश्वविद्यालय
# नयाँ कलेजहरूलाई सम्बन्धन दिनेसम्बन्धी नीति, २०६५

विश्वविद्यालय सभाले पास गरेको मितिः २०६५।९।२६गते

पोखरा विश्वविद्यालयले सम्बन्धन दिंदा देहायका नीतिहरू अबलम्बन गर्नेछ :

१. विश्वविद्यालयले नयाँ कलेजहरूलाई सम्बन्धन दिंदा सामान्यत काठमाण्डौं उपत्यका बाहिरकालाई प्राथमिकता दिनेछ। तर विश्वविद्यालयको प्रतिष्ठा र काठमाण्डौं वाहिर जनशक्ति र अन्य स्रोत र साधनले सम्भव नभएका र बजारमा अत्याधिक माग भएका कार्यक्रम सञ्चालन गर्नको लागि मात्र नयाँ कलेजहरूलाई काठमाण्डौं उपत्यकामा पनि सञ्चालन गर्नको लागि सम्बन्धन दिन सकिनेछ।

२. नयाँ कलेजलाई सम्बन्धन दिंदा विशेष गरेर नेपालको पश्चिम भेक (पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, र सुदूर पश्चिमाञ्चल) लाई प्राथमिकता दिइनेछ। यसको साथसाथै आवश्यकता अनुसार अन्य विकास क्षेत्रमा पनि यसले नयाँ कलेजहरूलाई सम्बन्धन दिदै जानेछ। तर सम्बन्धन दिंदा विश्वविद्यालयले भविष्यमा व्यहोर्नु पर्ने सञ्चालन खर्चलाई पनि विशेष ध्यान दिइनेछ।

३. साधारण विषयका कार्यक्रमहरू सञ्चालन गर्ने कलेजहरूलाई सम्बन्धन दिंदा काठमाण्डौ उपत्यकाका कलेजहरूको लागि कम्तिमा पनि ३ रोपनी जग्गा र अन्य भागमा सञ्चालन हुने कलेजहरूको लागि कम्तीमा पनि ५ रोपनी जग्गा हुनुपर्नेछ। प्राविधिक कलेजहरूको हकमा भने कम्तीमा पनि सम्बन्धित काउन्सिलले तोकेवमोजिमको जग्गा हुनुपर्नेछ।

४. माथि उल्लेखित जग्गा सम्बन्धित कलेजको नाममा हुनुपर्नेछ। यदि सम्बन्धित कलेजको नाममा जग्गा नभएमा कम्तीमा पनि १० वर्षको लागि सम्बन्धित घरजग्गा धनीसँग भएको सम्झौता पेश गर्नुपर्नेछ। घरजग्गा सम्बन्धी सम्झौता विश्वविद्यालयको पूर्व स्वीकृत विना तोड्न पाइनेछैन र कलेजको नाममा रहेको जग्गा पनि विश्वविद्यालयको पुर्व स्वीकृत विना वेच्न पाइनेछैन ।

५. विश्वविद्यालयले नयाँ कलेजहरूलाई सम्बन्धन दिनुपूर्व कम्तीमा पनि प्रस्तावित कार्यक्रम सञ्चालन गर्नको लागि तोकिएको माप अनुसारको कक्षा कोठा, कम्तिमा पनि प्राचार्य कक्ष, आर्थिक प्रशासन कक्ष, शैक्षिक प्रशासन कक्ष, कर्मचारी तथा सामान्य प्रशासन कक्ष, स्टोर र सुरक्षाकर्मी (चौकिदार) कक्षको व्यवस्था भएको हुनुपर्नेछ।

६. प्राविधिक कार्यक्रमको लागि आवश्यक प्रयोगशाला कम्तीमा पनि सम्बन्धित काउन्सिलले तोके वमोजिम हुनुपर्नेछ। यसका अतिरिक्त साधारण कार्यक्रमको लागि पनि विश्वविद्यालयले तोकेवमोजिमको कम्प्यूटर प्रयोगशाला र आधुनिक सञ्चारका साधन हुनुपर्नेछ।

७. सम्बन्धन प्राप्त कलेजमा कम्तिमा पनि अध्ययन शाखा (Reading section), पाठयपुस्तक (Text Book section), निर्गमन काउन्टर (Issue counter), पत्रपत्रिका (Journal and Newspaper sectrion), सामान राख्ने काउन्टर (Property counter) को सुविधा भएको पुस्तकालय हुनु पर्नेछ।

८. सम्बन्धन प्राप्त गर्न चाहने कलेजमा कम्तीमा पनि प्राध्यापकहरुको लागि एक साझा प्राध्यापक कक्ष (Common room) र संभव भएमा प्राध्यापक क्याविन हुनु पर्नेछ।

९. विश्वविद्यालयले समय समयमा निर्धारण गरेको कार्य बोझ (Work Load) अनुसार कम्तीमा पनि ५० प्रतिशत शिक्षकहरू पूर्णकालिन हुनु पर्नेछ र प्राचार्य कम्तिमा पनि स्नातकोत्तर तह उत्तिर्ण गरी ५ वर्षको उच्च शिक्षामा प्राध्यापन गरेको हुनुपर्दछ । अन्य विश्वविद्यालयका पूर्णकालिन शिक्षकहरूलाई आँशिक शिक्षकको रूपमा नियुक्ति गर्दा सम्बन्धित विश्वविद्यालयले अन्य संस्थामा काम गर्न दिएको अनुमति पत्र र पूर्णकालिन शिक्षकको हकमा काज वा वेतलवी विदाको पत्र पेश गर्नुपर्नेछ ।

१०. स्नातकोत्तर तहका कार्यक्रमको सम्वन्धन दिँदा कम्तिमा पनि एक जना शिक्षक विद्यावारिधी उपाधि (पि.एच.डी) हाँसिल गरेको हुनु पर्नेछ । तर प्राविधिक कार्यक्रमको हकमा भने सम्बन्धित काउन्सिलले तोकेको योग्यता भएको शिक्षकहरू हुनुपर्नेछ ।

११. सम्बन्धन प्राप्त गर्नका लागि एक जना लेखा र प्रशासन हेर्नको लागि अधिकृत स्तरको कर्मचारी, एक जना कार्यलय सहायक, र एक जना परिचर गरी कम्तीमा पनि ३ जना पूर्णकालिन कर्मचारीहरूको व्यवस्था हुनुपर्नेछ ।

१२. सम्बन्धन दिदा समुदायले सञ्चालन गर्ने कलेजलाई पहिलो प्राथमिकता दिइनेछ र त्यसपछि क्रमशः प्रन्यासी (Trust), सहकारी, संयुक्त कम्पनी र साझेदारी सँगठनलाई प्राथमिकता दिइनेछ ।

१३. सम्बन्धन दिंदा प्राविधिक विषयका कार्यक्रम सञ्चालन गर्ने कलेजहरुलाई प्राथमिकता दिइनेछ । तर कार्यक्रमको सम्बन्धन आङ्गिक कार्यक्रमलाई प्रतिकूल असर पर्ने गरी दिइने छैन ।

१४. विश्वविद्यालयको योजना शाखा/महाशाखाले सम्बधन सम्बन्धी सूचना कार्यकारी परिषदको निर्णय अनुसार सम्बन्धन सम्बन्धी सम्पूर्ण कार्यतालिका राष्ट्रियस्तरको पत्रपत्रिकामा र विश्वविद्यालयको वेभसाएट (Website) मा प्रकाशन गर्नेछ ।

१५. सम्बन्धन मागेको कलेज वा शैक्षिक संस्थाले अन्य विश्वविद्यालयको वा संस्थाबाट सम्बन्धन लिई कार्यक्रम सञ्चालन गर्न दिइने छैन । यस्तो गरेको पाइएमा सम्बन्धन कार्यक्रम वा कलेजको सम्बन्धन खारेज गरिनेछ । तर यसले सम्बन्धन प्राप्त कलेजहरूलाई सम्बन्धित कार्यक्रममा अध्ययनरत विद्यार्थीहरूको सीप र दक्षता बृद्धि गर्ने खालका सीपमूलक कार्यक्रमहरू (Extension program) सञ्चालन गर्न भने बाधा पुऱ्याउने छैन ।

१६. सम्बन्धन सम्बन्धी यो नीति तुरुन्त लागू हुनेछ । यस नीति लागू हुनुभन्दा अगाडि सम्बन्धन प्राप्त कलेजहरूले यसमा उल्लेखित न्यूनतम आवश्यकता आगामी ५ वर्ष भित्र पुरा गर्नुपर्नेछ ।